## विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५

| क.सं | परिच्छेद, दफा उपदफा | विधेयकमा रहेको व्यवस्था | संशोधन, थप घट गरिनु पर्ने महासंघको सुझाव | संशोधन थपघट गरिनु पर्ने कारण । |
|---|---|---|---|---|
| १ | परिच्छेद २<br>दफा ७(३) | ७. **प्रविधि हस्तान्तरण गरी विदेशी लगानी गर्न सक्नेः**<br>(३) उपदफा (२) बमोजिमको सम्झौतामा तोकिएको सीमाभन्दा बढी रोयल्टी रकम फिर्ता लैजाने व्यवस्था गर्न सकिने छैन । | हटाउनु पर्ने । | रोयल्टीको रकम प्रविधि हस्तान्तरण सम्झौतामा नै तोकिने र सोही बमोजिम हुने हुँदा यो व्यवस्था यहाँ गर्न आवश्यक नदेखिएको । |
| | परिच्छेद २<br>दफा ४ | **एकल वा संयुक्त रुपमा विदेशी लगानी गर्न सक्नेः** विदेशी लगानीकर्ताले | **एकल वा संयुक्त रुपमा विदेशी लगानी गर्न सक्नेः** अनुसूचीमा उल्लिखित नेपाली लगानीमा स्थापना भएका उद्योग बाहेक विदेशी लगानीकर्ताले | अनुसूचीमा सो कुरा पहिले नै अभिलेख भईसकेको |
| २. | परिच्छेद ३<br>दफा १४ | १४ **विदेशी लगानी गर्न स्वीकृतिको लागि निवेदन दिनु पर्नेः**<br>(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्जित नाफाबाट पुनः लगानी गर्ने रकमको न्यूनतम सीमा तोकिए वमोजिम हुनेछ । | हटाउनु पर्ने | विदेशी लगानीको उद्योगले आर्जित गरेको नाफा पून: लगानी गर्न सीमा तोकिनु पर्ने औचित्यता नै नदेखिएकोले । |

| क.सं | परिच्छेद, दफा उपदफा | विधेयकमा रहेको व्यवस्था | संशोधन, थप घट गरिनु पर्ने महासंघको सुझाव | संशोधन थपघट गरिनु पर्ने कारण । |
|---|---|---|---|---|
| ३. | दफा २०(२) | **२०.लगानी तथा आर्जित रकम फिर्ता लैजान सक्नेः**<br>(घ) विदेशी मुद्राको निक्षेप र सोमा आर्जित ब्याज, | **२०.लगानी तथा आर्जित रकम फिर्ता लैजान सक्नेः**<br>(घ) विदेशी मुद्राको निक्षेप र सोमा आर्जित ब्याज, **ऋणलगानी वापत प्राप्त व्याज** | विदेशी ऋण लगानीलाई आर्कषित गर्न विदेशी ऋण लगानीको ब्याज र साँवा बापत प्राप्त हुने रकम फिर्ता लैजान पाउने स्पष्ट व्यवस्था गर्न आवश्यक देखिएकोले । |
| ४. | परिच्छेद ७<br>दफा ४५ | **४५.करार गरी उत्पादन गर्न सकिनेः**<br>(१) विदेशी लगानी भएका उद्योगले त्यस्तो उद्योगको उत्पादनको कुनै भाग वा उद्योगलाईआवश्यक पर्ने वस्तु वा सेवा अन्य उद्योगसँग करार गरी उत्पादन गर्न सक्नेछ । | **४५.करार गरी उत्पादन गर्न सकिनेः**<br>(१) विदेशी लगानी भएका उद्योगले त्यस्तो उद्योगको **मुख्य**उत्पादन~~को~~ बाहेक सोसंग सम्बन्धित कुनै उत्पादन ~~कुनै भाग~~ वा उद्योगलाईआवश्यक पर्ने वस्तु वा सेवा अन्य उद्योगसँग करार गरी उत्पादन गर्न सक्नेछ । | विदेशी लगानीका उद्योगबाट उत्पादित हुने मुख्य उत्पादन करारबाट उत्पादन गर्न दिन उपयुक्त नदेखिएको र तत्सम्बन्धमा ऐनमा नै स्पष्ट व्यवस्था गर्न आवश्यक भएकाले । |

| क.सं | परिच्छेद, दफा उपदफा | विधेयकमा रहेको व्यवस्था | संशोधन, थप घट गरिनु पर्ने महासंघको सुझाव | संशोधन थपघट गरिनु पर्ने कारण । |
|---|---|---|---|---|
| | | अनुसूची दफा ३ को उपदफा २ संग सम्बन्धित विदेशी लगानी खुला नगरेका उद्योग वा व्यबसायमा | प्रशोधित पानी पनि समावेश गर्नु पर्ने । | पानीको सतह दिन प्रतिदिन घटिरहेको अवस्थामा भएका उद्योगहरु जसमा प्रशोधित पानी पनि पर्छ सो उद्योगहरुले पानी नपाएको अवस्थामा ठूला विदेशी लगानीले गर्दा स्वदेशी उद्योगहरुको प्रतिस्पर्धी क्षमतामा पनि ह्रास आउने साथै पानीको सतहलाई पनि नकारात्मक प्रभाव पर्ने देखिन्छ । |